# उदयपुर सिमेण्ट उद्योग लिमिटेड

(नेपाल सरकारको पूर्ण स्वामित्वमा स्थापित)

को

## नियमावली

१. **कम्पनीको नामः-** उदयपुर सिमेण्ट उद्योग लिमिटेड रहनेछ । यसलाई अंग्रजीमा ग्मबष्उगच ञ्भ्रूभलत क्ष्लमगकतचष्भक ।िष्तभम ९ग्ञ्क्षि० भनिने छ ।

२. **कार्यालय तथा कारखाना स्थलः-**

क) कम्पनीको मुख्य कार्यालय सगरमाथा अंचल, उदयपुर जिल्लाको जलजलेमा रहने छ । यसको शाखा कार्यालयहरु आवश्कतानुसार नेपाल अधिराज्यको विभिन्न भागमा र सम्वन्धित विभागको स्वीकृतिमा विदेशमा समेत राख्न सकिने छ ।

ख) कम्पनीको कारखाना स्थल सगरमाथा अंचल, उदयपुर जिल्ला त्रियुगा न.पा. ११ जलजलेमा रहने छ ।

३. **परिभाषाः-**

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा,

क) "कम्पनी" भन्नाले उदयपुर सिमेण्ट उद्योग लिमिटेड लाई सम्झनु पर्दछ ।

ख) "कार्यालय" भन्नाले कम्पनीको रजिष्टर्ड मुख्य कार्यालयलाई सम्झनु पर्छ ।

ग) "ऐन" भन्नाले कम्पनी ऐन (संशोधन सहित) २०२१ लाई सम्झनु पर्छ ।

घ) "प्रवन्ध" पत्र भन्नाले कम्पनीको प्रवन्ध पत्रलाई सम्झनु पर्छ ।

ङ) "नियमावली" भन्नाले कम्पनीको नियमावली र समय समयमा यसमा भएको संशोधनलाई समेत सम्झनु पर्छ ।

च) "विवरण पत्र" भन्नाले कम्पनीको विवरण पत्रलाई सम्झनु पर्छ ।

छ) "संस्थापक" भन्नाले कम्पनीको स्थापना गर्न ऐन वमोजिम लिनु पर्ने शेयर लिई स्थापना गर्ने व्यक्ति संघ संस्था वा सरकारी निकायहरुलाई सम्झनु पर्छ ।

ज) “संचालक” भन्नाले कम्पनीका संचालकहरुलाई सम्झनु पर्छ । यो शब्दले कम्पनीको अध्यक्षको साथै वैकल्पिक संचालकहरुलाई समेत जनाउने छ ।

झ) “शेयर” भन्नाले कम्पनीको शेयर पुजीको विभाजित अंश वा एकाइलाई सम्झनु पर्छ ।

ञ) “शेयरवाला” भन्नाले कम्पनीको एक वा एक भन्दा वढि शेयर खरिद गरेको व्यक्ति संघ संस्था वा सरकारी निकायहरुलाई सम्झनु पर्छ ।

ट) “समिति” भन्नाले कम्पनीको संचालक समितिलाई सम्झनु पर्छ ।

ठ) “दर्ता किताव” भन्नाले शेयरवालाहरुको दर्ता कितावलाई सम्झनु पर्छ ।

ड) “लाभाशं” भन्नाले कम्पनीले कमाएको खुद नाफा मध्येवाट शेयरवालाहरुलाई वाडिने अंशलाई सम्झनु पर्छ । यस शव्दले कम्पनीले समय समयमा वितरण गर्ने वोनस शेयरलाई समेत जनाउदछ ।

ढ) “प्रोक्सी” भन्नाले कम्पनीको साधारण सभामा भाग लिनका लागि रितपूर्वक मुकरर गरिएका शेयरवालाको प्रतिनिधीलाई सम्झनु पर्छ ।

ण) “डिवेन्चर” भन्नाले कम्पनीको जायजेथाको धितोमा ऐन बमोजिम कम्पनीले जारी गरेको ऋणपत्रलाई सम्झनु पर्छ ।

त) “शेयर प्रमाणपत्र” भन्नाले शेयर किन्ने व्यक्ति संघ, संस्था वा सरकारवाला निकायहरुलाई सो वापत कम्पनी वाट दिएको निस्सालाई सम्झनु पर्छ ।

थ) “सेयर अण्डर राइट गर्ने” भन्नाले शेयर विक्री गर्ने जिम्मा लिएका व्यक्तिले शेयर विक्रि गर्ने शर्त कवुलियत गरेकोलाई सम्झनु पर्छ ।

द) “विशेष प्रस्ताव” भन्नाले ऐन वमोजिम विशेष प्रस्तावको रुपमा पेश गरिने प्रस्तावलाई सम्झनु पर्छ ।

ध) “संझौता” भन्नाले कम्पनीको हितमा कम्पनीको तर्फ वाट जनाउ पक्षका विच गरिने दुई पक्षिय वा वहुपक्षिय लिखतलाई जनाउछ ।

न) “सम्वन्धित विभाग” भन्नाले उद्योग विभागलाई सम्झनु पर्छ । एक वचनार्थ शव्दले बहुवचन र वहुवचनार्थ शब्दे एक वचनलाई समेत जनाउछ ।

प) “पुलिगं” वाचक शव्दले स्त्री लिंग वाचक शव्दलाई समेत जनाउछ ।

फ) “व्यक्ति” वुझाउने शव्दले संस्थालाई समेत वुझाउछ ।

## ४. उदेश्य तथा कार्यहरुः-

कम्पनीको प्रवन्ध पत्रमा उल्लेख भए वमोजिमको हुने छ ।

## ५. दायित्व सिमितः-

कम्पनी ऐन २०२१ अन्तगत संस्थापित यो लिमिटेड कम्पनी हो । त्यसैले यस्माः-

क) शेयरवालहरुको दायित्व निजहरुले लिन कवुल गरेको शेयरको अधिकतम हदसम्म मात्र रहने गरि दायित्व सिमित गराएको छ ।

## ६. विवरण पत्रः-

कम्पनी ऐन २०२१ को दफा १३७ (क) अन्तरगत नेपाल सरकारको पूर्ण स्वामित्व हुने गरी यसको शेयर जनसाधारणलाई विक्री नगरिने हुंदा विवरण पत्र प्रकाशित गरिने छैन ।

तर प्रवन्धपत्रको दफा ६ (ख) को प्रतिबन्धात्मक वाक्यांश वमोजिम जनशाधारणमा शेयर विक्री गरिने भएमा सम्वन्धित विभागको स्विकृतिमा कम्पनी ऐन वमोजिम विवरण पत्र प्रकाशित गरिने छ ।

## ७. पूंजीः-

कम्पनी ऐनले निर्देशन गरेको तौर तारिक, कार्यविधि, कार्य प्रकृया अपनाई सम्वन्धित विभागको स्विकृतिमा शेयर पूंजी वढाउने, घटाउने, शेयरको मूल्य र किसिममा थपघट वा परिवर्तन गर्ने टुक्राउने तथा विभाजन गर्न सक्ने अधिकार कम्पनीलाई हुने छ ।

अन्यथा निर्णय नभए सम्मः-

क) **अधिकृत पूंजीः-** कम्पनीको अधिकृत पूंजी रु. ४,००,००,००,००० (चार अरब) हुने छ । प्रतिशेयर रु. १०० का दरले विभाजित गरि जम्मा ४,००,००,००० (चार करोड) साधारण शेयर हुने छ ।

ख) **जारी पूंजीः-** अधिकृत पूंजी मध्ये हाललाई रु. ३०,००,००,००० को साधारण शेयर जारी गरिएको छ ।

ग) संचालक समितिले आवश्यकतानुसार शेयर वापतको रकम चुक्ता भुक्तानी गराउने छ ।

## ८. शेयर निष्काशन, वांडफांड किस्तावन्दी मागः-

क) कम्पनीले ऐन र प्रवन्धपत्रको अधिनमा रही आवश्यकतानुसार शेयर विष्काशन गर्नेछ । शेयर निष्काशन गर्दा कम्पनीले उचित ठहराएमा शेयर अंकित मूल्य वा सो भन्दा घटि वढि दरमा समेत निष्काशन गर्न सक्ने छ ।

ख) कम्पनी शेयर खरिद गर्न इच्छुक व्यक्तिले ऐनको अनुसूचि १ को फारम नं. (१) को ढांचा अनुसारको दरखास्त दिनु पर्ने छ । प्रत्येक दरखास्त साथ खरिद गर्ने शेयर को मूल्यको कम्तिमा सयकडा दश (१०५) प्रतिशत रकम सलंग्न गर्नु पर्ने छ ।

ग) शेयरहरु संचालक समितिको नियन्त्रणमा रहने छन् । शेयर विक्री, वांडफांड संचालक समितिको तजविजमा हुनेछ । कम्पनी ऐन र यस नियमावलीको अधिनमा रही संचालक समितिले उचित ठहऱ्यायको शर्त र समयमा शेयरको वांडफांड गर्न सक्ने छ ।

घ) कम्पनी दर्ता भएको ३ महिना भित्र संस्थापकहरुले लिन मंजुर गरेको शेयर विधिवत वांडफांड गरिने छ । र ऐनको दफा ४४ वमोजिमको जाहेरी सहित सम्वनिधत विभागमा पेश गरि काम शुरु गर्ने इजाजत पत्र प्राप्त गरिने छ । सो इजाजत पत्र प्राप्त भएको ६ महिना भित्र रीत पूर्वक शेयरको वांडफांड गरि ऐनको अनुसूचि १ को फाराम नं. (२) को ढांचा अनुसार शेयरवालाहरुलाई सूचना पठाइने छ । तर प्रवन्धपत्रमा लेखिए वमोजिम जारी गरिएको शेयर पूंजीको पचास प्रतिशत शेयर विक्रि नभै शेयरको वांडफांड गरिने छैन ।

ङ) कम्पनीले शेयर निष्काशन गर्दा तोकेको भुक्तानी शर्त अनुसार समितिले उचित ठहराएको समयमा माग गर्न सक्ने छ र प्रत्येक शेयरवालाले आफूले लिएको शेयर वापत माग भएको रकम तोकिएको समयमा कम्पनीलाई वुझाउनु पर्नेछ ।

च) कुनै शेयरवालालाई निजले तिर्नु पर्ने किस्तावन्दी मागको रकमको भुक्तानी सम्वन्धमा सो मागको रकमको भुत्तानी गर्ने समय स्थान र तरीका समेत खोली भुत्तानीा गर्नु पर्ने मिति भन्दा कम्तीमा ३० दिन अगावै सूचना पठाइने छ ।

छ) कुनै शेयरवालाले कुनै किस्तावन्दी मागको रकम समय भित्रै भुत्तानी नगरी पछि गरेमा भुत्तानी गर्ने तोकिएको अन्तिम मिति देखि वास्तविक भुत्तानी भएको मिति सम्मको लागि ५ प्रतिशत वार्षिक व्याजको दरले व्याज तिर्न लगाउन सक्ने छ ।

ज) ऐन तथा प्रवन्धपत्रको अधिनमा रही कम्पनीले निष्काशन गरेको शेयर डिवेन्चरको विक्रि गरे गराए वा गर्न गराउने गरी कवुल गर्ने व्यक्ति, फर्म वा संस्थालाई संचालक समितिले निर्णय गरे वमोजिमको दरमा दलाली कमिशन दिइने छ ।

झ) यस नियमावलीमा अन्यथा व्यवस्था भएमा वाहेक कम्पनीले जस्को नाउमा शेयर दर्ता भएको छ उसलाई मात्र उक्त सेयरको एक मात्र हकवाला मान्ने छ र सो अनुसार अधिकार प्राप्त अदालतको आदेश भएमा वा कानून वमोजिम हुने भएमा वाहेक अरु कसैको कुनै प्रकारको हकदावी भए पनि मान्यता दिइने छैन ।

ञ) दर्ता कितावमा नाम दर्ता भएका शेयरवालाले वा निजको प्रतिनिधिले किस्ता वन्दी माग अनुसारको रकम कम्पनीलाई वुझाउनु पर्ने छ ।

ट) साझेदारीमा लिएको शेयर वापतको किस्तावन्दी माग अनुसारको रकम वांकी भए साझेदारहरु सामूहिक रुपमा भुक्तानी गर्न जिम्मेवार हुने छन् ।

ठ) शेयरवालाहरुलाई ऐनको अनुसूचि १ को फाराम नं. (३) को ढांचा अनुसारको शेयर प्रमाणपत्र दिइने छ जसमा कम्तिमा दुई जवान संचाकलहरुको दस्तखत हुनेछ ।

ड) प्रत्येक शेयरवालाले आफ्नो नाममा दर्ता भएको सवै शेयरहरुको लागि एउटा प्रमाण पत्र पाउने छन् । साझेदारीमा शेयर लिएको व्यक्तिहरुको हकमा भने साझेदारहरु मध्ये जस्को नाम दर्ता कितावमा पहिले लेखिएको छ उसैलाई शेयर प्रमाण पत्र दिइने छ ।

ढ) कुनै शेयरवालाको शेयर प्रमाण पत्र च्यातिई नोक्सान भै वा कुरुप भै समिति समक्ष पेश गरी दाखिल हुन आएमा त्यसलाई रद्द गरी सो को सदामा रु. १/- दस्तुर लिई अर्को प्रमाणपत्र दिइने छ ।

ण) कुनै शेयरवालाको शेयर प्रमाण पत्र हराए वा नासिएमासो हराए वा नासिएको थाहा पाएको ३५ दिन भित्र कम्पनीको मुख्य कार्यालयमा दर्खास्त दिनु पर्ने छ । यसरी दर्खास्त पर्न आएमा समितिले ऐनको दफा २४ को उपदफा (ख) वमोजिम आवश्यक रित पुऱ्याई अर्को प्रमाण पत्र दिइने छ ।

## ९. **शेयर जफतः-**

क) कुनै शेयरवालाले किस्ता तलव गरिएको रकम तोकिएको मिति समयमा पनि भुक्तानी नगरेमा समितिले निजले भुक्तानी गर्न वाकी रकम वा त्यसमा लाग्ने कुनै व्याज भए सो सहित भुक्तानी गर्न निजलाई सूचना पठाइने छ ।

ख) उपदफा (क) अनुसार सूचना पठाउदा त्यसमा ऐन अनुसार पठाएको मितिले १५ दिनको थप म्याद तोकि सो सूचनामा उल्लेख भए वमोजिमको दिनसम्म नवुझाएमा किस्ता तलव गरिएको सम्वन्धित शेयर जफत हुने कुराको उल्लेख पनि त्यस्तो सूचनामा गरिने छ ।

ग) उपदफा (ख) वमोजिमको सूचनाका आवश्यक शर्तहरु पालना नभएमा यसपछि कुनै पनि वखत समितिले त्यस्तो शेयरको साथै घोषित लाभाशं तर नवाडिएको समेत जफत गर्न सक्ने छ ।

तर, सो शेयरवालाले सो किस्ता बुझाउन नसकेको कुनै मनासिव कारणा देखाई सो म्याद नाघेको ३ महिना भित्र दर्खास्त दिएमा संचालक समितिले सो शेयर वापत भुक्तान भए जति रुपैयाको चुक्ता किस्ताको शेयरको रुपमा कायम राख्न सक्ने छ ।

घ) उपदफा (ग) अनुसार शेयर जफत गरिए पछि सो शेयर जफत हुन अघिसम्म जुन व्यक्तिको नाम दर्ता गरिएको थियो निजलाई सो जफत सम्वन्धि सूचना पठाइने छ शेयर जफत भएको मिति र व्यहोरा दर्ता कितावमा जनाइने छ ।

ङ) जफत गरिएका शेयर संचालक समितिको नियन्त्रणमा हुने छ । समितिले उचित ठहऱ्याएको शर्त र तरीकाले विक्री गर्न सकिने छ ।

**१०. शेयरको दावीः-**

क) शेयरवालाहरुले कम्पनीलाई तिर्नु पर्ने शेयरको किस्ताको वांकी रुपैया वापत निजहरुका नाममा दर्ता रहेको शेयर र सो वापत वाडिने मुनाफा समेत कम्पनीले रोक्का गर्न र मुनाफबाट भर्ना लिन सक्ने छ ।

ख) कम्पनीको दावी भएको कुनै पनि शेयरलाई समितिले उचित सम्झेमा जुन सुकै तरिकावाट विक्री गर्न सक्ने छ ।

ग) उपदफा (ख) मा उल्लेख भए वमोजिम विक्रि वा उठेको रकमबाट कम्पनीले आफ्नो लिनु पर्ने रकम लिई वांकी हुन आएको रकम सम्वन्धित शेयरवाला वा निजको कानूनी प्रतिनिधि वा हकादारलाई वुझाइने छ ।

घ) कम्पनीको दावी रहेको शेयर विक्री गरेपछि खरिद गर्ने व्यक्तिको नाम दर्ता कितावमा जनाइने छ र पछि कंथकदाचित साविकको शेयरवाला वा निजको कानूनी प्रतिनिधि वा हकदारले शेयर जफत सम्वन्धि निर्णय अवैधानिक छ भनि नालिस उजुर गरी सो ठहर भएमा पनि हाल खरिद गर्ने व्यक्तिको शेयर माथिको हकलाई भने कुनै असर पार्ने छैन ।

**११. शेयरको हस्तान्तरण तथा दाखिल खारेजः-**

क) कम्पनीका संस्थापकले लिएको शेयर कम्पनीको प्रथम साधारण सभा नभए सम्म र त्यस्तो शेयरको रकम पुरा चुक्ता नभए सम्म हक छोडी दिन वा धितो वन्धक राख्न सक्ने छैन ।

ख) कम्पनीको दावी भएको वा पुरा मूल्य चुक्ता नगरिएको कुनै शेयर हक छाडी दिन वा धितो वन्धक राख्न पाइने छैन ।

ग) शेयरको हस्तान्तरण सम्वन्धमा हक वेहक वारे खिचोला निस्केमा, अदालतको अन्तिम निर्णय अनुसार गरिने छ ।

घ) शेयर वन्धक दिएकोमा सो व्यहोरा कम्पनीको श्रेस्तामा जनाउनाको निमित्त धितो वन्धक लिनेले धितो वन्धक राख्ने शेयरवालासंग लेखाई लिएको लिखतको एक प्रति र शेयर प्रमाण पत्र समेत संलग्न गरी ऐनको अनुसूचि १ फाराम नं. ४ को ढांचा अनुसारको दखास्त कम्पनीको मुख्य कार्यालयमा पठाउनु पर्दछ र त्यस्तो दरखास्त परेमा कम्पनीले ऐनको दफा २७ को उपदफा (३) वमोजिम कारवाही गर्नु पर्ने छ ।

ङ) कुनै शेयरवालाले ऐन कानून वमोजिम शेयर उपर हक छोडी दिएमा सो शेयर पाउने व्यक्तिले हक छोडी दिने शेयरवालाले गरि दिएको लिखतको एक प्रति र शेयर प्रमाणपत्र समेत संलग्न गरी ऐनको अनुसूचि १ फाराम नं. (५) को ढांचा अनुसारको दरखास्त कम्पनीको मुख्य कार्यालयमा पठाउनु पर्दछ र सो वमोजिम दरखास्त परेमा ऐनको दफा २७ को उपदफा (३) वमोजिम कारवाही टुंग्याउनु पर्दछ ।

च) उपदफा (घ र ङ) वमोजिम दरखास्त परेमा कम्पनीले साविकको शेयरवालालाई सोही वमोजिमको सूचना दिने छ र यसरी सूचना पठाइएको ३५ दिन भित्र साविकको शेयरवालाको कुनै उजुरी नआएमा वा ऐनको दफा २८ वमोजिम कम्पनीवाट शेयर हस्तान्तरण जनाउ दर्ता गर्ने इन्कार नगरिएमा धितो वन्धक लिएकोमा दर्ता कितावमा फलाना मितिमा फलानालाई यति रुपैयामा सो शर्तमा वन्धक परेको भन्ने सम्म जनाई राखी शेयरवालाले निखनेको जनाउ पाएपछि सो वन्धकीको लगत काटी दिने र हक छोडी दिए लिएकोमा सो लिखतको छोटकरी व्यहोरा समेत दर्शाइ साविक शेयरवालाको नाउ खारीज गरी हकवालाको नाम दाखिल दर्ता गरि दिनु पर्छ ।

छ) उपदफा (च) अनुसार दाखिल खारिज गर्दा वा धितो वन्धक जनाउन पर्दा संचालक समितिको पूव स्वीकृति लिन पर्छ ।

ज) शेयर दाखिल खारिज गर्दा ऐनको अनुसूची १ फाराम नं. (६) वमोजिमका कितावमा दाखिल खारिज गरी सो कितावमा समितिबाट अधिकृत प्रतिनिधिको सही गराई राखिने छ ।

झ) उपदफा (च) वमोजिम शेयर वन्धक रहेको कुरा श्रेस्तामा जनाउन वा शेयर दाखिल खारिज गर्नको निमित एक रुपैया दस्तुर दरखास्तवालाले कम्पनीलाई वुझाउनु पर्नेछ ।

ञ) कुनै शेयरवालाको मृत्यु भएमा सो मृत शेयरवालाको नाममा दर्ता रहेको शेयर निजको कानूनी हकदारको मात्र हक हुने छ सम्वन्धितको निवेदनको आधारमा प्रचलित कानून वमोजिम निजको नाममा नामसारी गरी दर्ता किताबमा चढाइनेछ ।

**१२. <u>शेयर हस्तान्तरणको जनाउ दर्ता गर्न इन्कार गर्न सकिने</u>:-**

क) देहायका अवस्थामा कम्पनीले शेयर धितो वन्धक राखिएका कुरा श्रेस्तामा जनाउन वा हक छोडी लिए दिएकोमा त्यसको दाखिल खारिज गरी दिन इन्कार गर्न सक्ने छ ।

१) शेयर वापतको रुपैया भुक्तान नगरिएको भएमा ।

२) ऐनको दफा २७ वमोजिम पठाउन पर्ने लिखत र शेयरको प्रमाणपत्र दर्खास्त साथ पेश हुन नआएमा ।

३) नियमावली वमोजिम शेयर हस्तान्तरण गर्न कुनै वाधा भएमा वा

४) दफा १३ को उपदफा (झ) अनुसारको दस्तुर दाखिला नगरेमा

ख) दरखास्त वमोजिम शेयर वन्धक रहेको कुरा श्रेस्तामा जनाउन वा दाखिल खारेज गर्न उपदफा (क) वमोजिम गरिएकोमा सो दरखास्त परेको मितिले ३५ दिन भित्र सो इन्कार गरिएको कुराको सूचना सो शेयर लिने दिने दुवैलाई दिनु पर्नेछ ।

**१३. <u>शेयरवालाको दर्ता किताव</u>:-**

क) कम्पनीले ऐनको अनुसूचि १ को फाराम नं. (७) को ढांचा अनुसारको दर्ता कितावमा शेयरको सिलसिलेवार नम्वरको क्रमानुसार प्रत्येक शेयरवालाको सम्बन्धमा देहायका कुराहरु खुलाई दर्ता गरी कम्पनीको मुख्य कार्यालयमा राखिने छ ।

१) तीन पुस्ते नाम र ठेगाना

२) शेयरवालाको रुपमा निजको नाम दर्ता भएको मिति

३) निजले लिएको शेयरको प्रमाण पत्रको क्रमसंख्या

४) निजले लिएको शेयरको जम्मा मोल मध्ये निजवाट असूल भएको रुपैया र

५) शेयरवालाको दर्ता कितावमा निजको नाम खारिज भएको मिति

तर नेपाल सरकार वा कुनै कम्पनी वा फर्म वा संगठित संस्था शेयरवाला भएकोमा तीन पुस्ते नामको सदा अवस्थानुसार नेपाल सरकार वा त्यस्तो कम्पनी वा फर्म वा संगठित संस्थाको नामसम्म जनाई राखिने छ ।

ख) उपदफा (क) वमोजिम राखिएको किताव शेयरवालाले निरिक्षण गर्न चाहेमा निरिक्षण गर्न दिइने छ। तर

१) नेपालको प्रमुख पत्र पत्रिकाहरुमा सात दिन अगावै सूचना प्रकाशित गराई एक वर्षमा पैतालिस दिनमा नवढाई एक पटकमा वढीमा तीन दिन सम्म कम्पनीले सो कितावको निरिक्षण वन्द गर्न सक्ने छ।

२) कुनै शेयरवालाले दर्ता कितावको नक्कल लिन चाहेमा उपदफा (ख) को खण्ड (१) को प्रतिवन्धात्मक वाक्यांश वमोजिम निरिक्षणको अधिकार नभएको वा वन्द गरिएको अवस्थामा वाहेक पांच रुपैया दस्तुर लिई नक्कल दिइनेछ।

**१४. <u>ऋण वा डिवेन्चर उठाउने अधिकारः</u>-**

क) कम्पनी ऐनको दफा २५ को उपदफा (१) वमोजिमको रित पुर्‍याई वा विना धितोमा पनि आवश्यकता अनुसार ऋण वा डिवेन्चर उठाउन सक्नेछ त्यसतो ऋण नेपाल सरकार वा विदेशी सरकार वा राष्ट्रिय वा अन्तराष्ट्रिय संघ संस्था वा ऋण दातृ संस्था जो कोहि वाट पनि लिई प्रयोग गर्न सकिने छ।

ख) उपदफा (क) वमोजिम धितो लेखि ऋण वा डिवेन्चर उठाउदा कम्पनीले अघिल्लो साहुहरुलाई देखि दिएको धितोले खामेसम्म सोही धितो राखि अघिको साहु र थैली समेत सवै स्पष्ट देखाई अरु साहु संगपनि रजिष्ट्रेशन पास गरी ऋण लिन सक्ने छन्।

ग) कम्पनीले आफूले ऋण लिएको वा डिवेन्चर उठाएको प्रत्येक साहुहरुको नाम, ठेगाना, रकम र अन्य आवश्यक विवरणहरु यथार्थ खुलाई एउटा छुट्टै किताव खडा गरी राख्ने छ।

**१५. <u>शेयर डिवेन्चर र ऋणको लगतः</u>-**

क) कम्पनीले वार्षिक साधारण सभा हुँदा त्यस वर्ष भित्र कायम रहेको र खारेज भएको शेयरवालाहरुको र डिवेन्चर वा ऋणको लगत ऐनको दफा ३९ को उपदफा (२) वमोजिम राखिने छ।

ख) कम्पनीले प्रत्येक वार्षिक साधारण सभा भएको मितिले ३५ दिन भित्र उपदफा (क) वमोजिमको लगत ठिक दुरुस्त छ भनि कम्तिमा दुई जना संचालकहरुको सहिछाप गराई सम्वन्धित विभागमा पठाउने छ।

**१६. <u>शेयर पूंजीमा हेरफेरः</u>-**

क) साधारा सभावाट विशेष प्रस्ताव पास गरी सम्वन्धित विभागको स्वीकृतीमा कम्पनीले आफ्नो शेयर पूंजी वढाउन सक्ने छ।

ख) उपदफा (क) वमोजिम कम्पनीले वढाएको शेयर लिने पहिलो हक शेयरवालाहरु को रहने छ ।

ग) साधारण सभावाट विशेष प्रस्ताव पास गरी सम्वन्धित विभागको स्वीकृति लिई देहायमा लेखिए वमोजिम गरी कम्पनीले आफ्नो शेयर पूंजी वढाउन सक्नेछ ।

१. किस्ता तलव गरेको शेयरको रुपैया चुक्ता नभएमा जति चुक्ता भएको छ त्यति मात्र पूंजी कायम गरी, वा

२. चुक्ता भै सकेको पूंजी फिर्ता गरी शेयरको संख्या घटाइ, वा

३. कम्पनीलाई नोक्सानी वा दैवी प्रकोप परेमा शेयरको मोल घटाई ।

घ) कम्पनीले पूंजी घटाउने प्रस्ताव स्विकृतिका लागि सम्वन्धित विभागमा पठाउदा कम्पनीको सवै साहुहरुको पुरा नाम, ठेगाना, रकम समेत लेखि सवै संचालकहरुको सहि छाप गराई पठाइनेछ ।

ङ) शेयर पूंजी घटाहएकोमा प्रत्येक शेयरको प्रमाण पत्रमा सम्वन्धित संचालकले सो कुरा जनाई कम्पनीको तर्फवाट सहि छाप गर्नु पर्ने छ ।

**१७. जगेडा कोषः-**

कम्पनीले कुनै लाभाशं सिफरिस गर्नु अघि कम्पनीको मुनाफाबाट आफुले उचित ठहराएको रकम जगेडा कोषमा राख्न सक्ने छ । जगेडा कोषमा राखिने रकम र सो रकम के मा कसरी लगानी गर्ने भन्ने कुरा समितिले निर्णय गरे अनुसार हुने छ ।

**१८. सभा र कामकाजः-**

क) ऐनको दफा ४४ वमोजिमको रित पुर्‍याइ कम्पनीले आफ्नो कारोवार शुरु गर्नेछ ।

ख) कम्पनीले साधारण सभाद्वारा निर्धारित नीति निर्देशनको अधिनमा रही आफ्नो काम काज गर्ने छ ।

ग) कम्पनीको साधारण सभा देहायको प्रकारका हुने छन् ।

१. प्रारम्भिक साधारण सभा

२. वार्षिक साधारण सभा

३. विशेष साधारण सभा

घ) साधारण सभाको सूचनाः

कम्पनीको प्रारम्भिक साधारण सभा वा वार्षिक साधारण सभा गर्नको निमित्त कम्तिमा २१ दिन अगावै र विशेष साधारण सभा गर्नको निमित्त कम्तिमा १५ दिन अगावै सभा हुने ठाँउ, मिति र छलफल गर्ने बिषय खोली शेयरवालाहरुलाई सूचना दिइने छ र सो व्यहोराको सूचना नेपालको प्रमुख पत्रिकामा समेत प्रकाशित गरिने छ ।

ङ) प्रारम्भिक साधारण सभाः

१. कम्पनीले सम्वन्धित विभागवाट ऐनको दफा ४४ (२) वमोजिम काम शुरु गर्ने इजाजतपत्र पाएको मितिले ६ महिना भित्र शेयरवालाहरुको साधारण सभा, जसलाई प्रारम्भिक साधारण सभा भनिनेछ, वोलाउने छ ।

२. प्रारम्भिक साधारण सभा हुनु भन्दा कम्तीमा १५ दिन अगावै ऐनको दफा ५५ अनुसार रित पुऱ्याई प्रत्येक शेयरवाला समक्ष एउटा प्रारम्भिक प्रतिवेदन पठाइने छ ।

३. कम्पनीको प्रारम्भिक साधारण सभामा उपस्थित शेयरवालाहरुले कम्पनीले संस्थापन वारे वा प्रारम्भिक प्रतिवेदनवाट उठेको कुनै कुराको सम्वन्धमा पूर्व सूचना गरिएको वा नगरिएको भए तापनि छलफल गर्न सक्ने छन् । तर ऐन वमोजिम पहिलो सूचना दिनु पर्ने अवस्थामा सो वमोजिम सूचना दिएको छैन भने त्यस सम्वन्धमा ऐनको दफा ४५ को उपदफा (४) को खण्ड (क) मा लेखिएको अवस्थामा वाहेक कुनै प्रस्ताव पास गर्न सकिने छैन ।

च) वार्षिक साधारण सभाः

१) प्रारम्भिक साधारण सभा भएको एक वर्ष भित्र वार्षिक साधारण सभा बोलाइने छ । त्यसपछि प्रत्येक आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र वार्षिक साधारण सभा वोलाइने छ ।

२) वार्षिक साधारण सभा भएको ३० दिन भित्रमा सभामा उपस्थित शेयरवालाको संख्या, छलफल भएको प्रस्ताव, वासलात, नाफा नोक्सान हिसाव, संचालक र लेखा परिक्षकको प्रतिवेदन आदि सभावाट स्विकृति भए नभएको कुराको विवरण संवन्धित विभामा पठाइने छ ।

३. वार्षिक साधारण सभामा देहायका कुराहरु उपर छलफल गरी निर्णय गरिने छ ।

क) समितिको प्रतिवेदन

ख) लेखापरिक्षकको प्रतिवेदन सहितको गत आ.व. को वासलात तथा नाफा नोक्सान हिसाव

ग)  संचालकहरुको नियुक्ती, निजहरुको पारिश्रमिक सुविधा आदि,

घ)  आगामी आ.व. को लागि लेखापरिक्षक नियुक्तीको र निजको पारिश्रमिक

ङ)  साधारण सभामा पेश गर्ने भनि समितिले निर्णय गरि पेश गरेका प्रस्तावहरु

च)  विशेष प्रस्तावहरु

छ)  अन्य आवश्यक कुराहरु

४. साधारण सभाको अध्यक्षता समितिको अध्यक्षले गर्ने छन् । तर समितिको अध्यक्षको उपस्थिति नभएमा उपस्थित शेयरवालाहरुले आफु मध्येवाट छानेको व्यक्तिले गर्नेछन् ।

५. प्रत्येक संचालक साधारण सभामा यथासंभव उपस्थित हुनु पर्ने छ । साधारण सभामा कम्पनीको हिसाव कितावका सम्वन्धमा छलफल हुने भएमा वा कुनै कारणले लेखा परिक्षकको उपस्थिति आवश्यक हुने भएमा कम्तिमा एक जना लेखा परिक्षक उपस्थित भएको हुनु पर्ने छ ।

६. साधारण सभा शुरु हुनु भन्दा अगावै सभामा उपस्थित शेयरवालाहरुले सो सभा ऐन र नियमावली वमोजिम वोलाइएको हो होइन भन्ने कुरा यकिन गर्ने छन् र त्यस सम्वन्धमा कुनै कानूनको पालन नगरिएको भए पनि साधारण सभामा मतदान गर्न अधिकार प्राप्त शेयरवालाहरु मध्ये चार खण्डको तीन खण्ड उपस्थित भै सभा गर्न मंजुर गरेमा सो साधारण सभा रितपुर्वक वोलाएको मानिने छ ।

७. (क) साधारण सभामा उपस्थित भै मतदान गर्न पाउने शेयरवालाहरुको जम्मा संख्या को ५० प्रतिशत शेयरवालाहरु स्वयम वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित भएमा गणपूरक संख्या पुगेको मानिने छ । तर सो सभामा कम्तिमा ७ जना शेयरवालाहरुको स्वयम उपस्थिति अनिवार्य हुने छ ।

(ख) उपदफा (ङ) खण्ड ७ (क) वमोजिमका शेयरवालाको संख्या नपुगी सभा हुन नसकेमा कम्तिमा ७ दिनको अर्को सूचना दिई अर्को पटक वोलाउदा मतदान दिन पाउने कम्तिमा ५ जना शेयरवाल स्वयम उपस्थित भएमा पनि सभाको गणपूरक संख्या पुगेको मानिने छ ।

(ग) विशेष प्रस्ताव पेश गर्न भनि वोलाइएको साधारण सभामा त्यस्तो प्रस्ताव उपर छलफल गर्न सभामा मतदान गर्न पाउने शेयरवालाहरुको कम्तिमा तीन खण्डको दुई खण्ड स्वयम वा प्रतिनिधिद्वारा उपस्थिति अनिवार्य हुने छ । तर सो वमोजिमको संख्यामा शेयरवालाहरु उपस्थित नभै सभा हुन नसकेकोमा कम्तिमा ७ दिनको अर्को सूचना दिई अर्को पटक सभा वोलाउदा मतदान गर्न

पाउने शेयरवालाहरुको जम्मा संख्याको एक तिहाई शेयरवालाहरु स्वयम वा आफ्ना प्रतिनिधिहरु द्वारा उपस्थित भएमा सभा गर्न सकिने छ ।

८. कुनै शेयरवाला वा संचालक र कम्पनीको विच भएको वा हुने कुनै शर्त वन्देजको सम्वन्धमा हुने छलफलमा त्यस्तो शेयरवाला वा संचालक आफै वा प्रतिनिधि द्वारा सभामा भाग लिन र मतदान गर्न पाउने छैन । तर निजलाई आफ्नो कुरा स्पष्ट पार्न सम्मको लागि भने सभामा उपस्थित हुने मौका दिइने छ । यसको अलावा ऐनको दफा ४९ को उपदफा (२) (३) (४) को कुराहरुमा प्रत्यक्ष सम्वन्ध हुने शेयरवाला वा संचालकलाई सभामा भाग लिन र मतदान गर्न दिइने छैन ।

९. उपदफा (ङ) को खण्ड (८) को अवस्थामा वाहेक प्रत्येक शेयरवालाले आफुले लिएको शेयरको प्रति शेयरको एक मतका दरले आफै वा प्रतिनिधिद्वारा एनेको दफा ५० अनुसार साधारण सभामा भाग लिई मतदान गर्न पाउने छ । संचालकहरुको नियुक्ति सम्वन्धमा मतदान गर्नु पर्दा ऐनको दफा ५० (क) वमोजिम हिसाव गरी मतदान गर्न पाइने छ ।

१०. ऐनको दफा ५८ वमोजिमको वार्षिक साधारणसभामा छलफल गरिने लिखत प्रस्ताव र विवरणहरु सभा हुनु भन्दा कम्तिमा ३५ दिन अगावै तयार गरी मुख्य कार्यालयमा राखिने छ र कुनै शेयरवालाले अनुरोध गरेमा निजलाई त्यसको एक प्रति नक्कल दिइने छ ।

छ) विशेष साधारण सभाः

१. समितिले आवश्यक देखेमा विशेष साधारण सभा वोलाउन सक्ने छ ।

२. कम्पनीको हिसाव कितावको जाँचवुझ गर्दा कुनै कारणले विशेष साधारण सभा वोलाउनु पर्ने आवश्यक देखिएमा लेखापरिक्षकले त्यस्तो सभा वोलाउनको निमित्त समितिलाई अनुरोध गर्न सक्ने र सो वमोजिम समितिले सभा नवोलाएमा लेखापरिक्षकले सो कुरा खोली सम्वन्धित विभागमा दरखास्त दिन सक्ने छ र सो वमोजिम दरखास्त परेमा सो विभागले कम्पनीको विषेष साधारण सभा वोलाई दिन सक्ने छ ।

३. कम्पनीको चुक्ता पूंजीको कम्तिमा १० प्रतिशत शेयर लिने शेयरवालाहरुले वा शेयरवालाहरुको जम्मा संख्याको कम्तिमा २५ प्रतिशतले कारण खोली विशेष साधारण सभा गराउन कम्पनीको मुख्य कार्यालयमा दरखास्त पठाई माग गरेमा समितिले कम्पनीको विशेष साधारण सभा वोलाउने छ । त्यस्ता दरखास्त परेको ३५ दिन भित्र समितिले विशेष साधारण सभा वोलाई नदिएमा सम्वन्धित सेयरवालाहरुले

से कुरा खोली सम्वन्धित विभागमा उजुर गर्न सक्ने छन . र त्यस्तो उजुरी परेमा विभागले त्यस्तो सभा वोलाई दिन सक्ने छ ।

४. निरिक्षण जाँचको फलस्वरुप वा कुनै कारणले विशेष साधारण सभा वोलाउन आवश्यक देखिएमा सम्वन्धित विभागले त्यस्तो सभा स्वयम वा समिति द्वारा वोलाउन लाउन सक्ने छ ।

## १९. संचालक समितिः-

क) नेपाल सरकारले आवश्यता अनुसार संचालकहरुको नियुक्ति गरि समिति गठन गर्ने छ ।

ख) नेपाल सरकारले संचालक मध्येबाट एक जवानलाई संचालक समितिको अध्यक्ष पदमा मनोनित गर्ने छ ।

ग) उपदफा (क) वमोजिम नियुक्त हुने संचालकहरुले आफ्नु नाममा कम्पनीको शेयर लिनु पर्ने छैन ।

घ) कम्पनीको दैनिक काम निमित्त नेपाल सरकारले अध्यक्ष तथा महा-प्रवन्धक, महाप्रवन्धक वा परियोजना प्रवन्धक नियुक्त गरि कार्य सम्पादन गराउने छ ।

ङ) नेपाल सरकार वा सम्वन्धित मन्त्रालयले निर्णय गरे वाहेक प्रत्येक संचालकलाई निजले समितिको वैठकमा भाग लिए वापत प्रत्येक वैठकको लागि रु. ५००/- का दरले वैठक भत्ता दिइने छ ।

च) समितिको वैठक हुने इलाका वाहिर तत्काल बसोवास गर्ने संचालकलाई समितिको वैठकमा भाग लिन वा कम्पनीको अन्य कामको सम्वन्धमा आउँदा र फर्कदा वैठक भत्ताको अतिरित्त दैनिक तथा भ्रमण भत्ता कम्पनीको आन्तरिक नियमानुसार दिइने छ ।

छ) कुनै संचालकलाई कम्पनीमा अतिरित्त काम गर्न लगाइएमा निजलाई संचालक समितिले निर्णय गरे वमोजिम प्रति महिना निश्चित तलवको रुपमा उपदफा (ङ) र (च) मा उल्लेखित पारिश्रमिकको अतिरिक्त थप पारिश्रमिक दिइनेछ ।

ज) साधारण सभाले संचालकहरुलाई प्रोत्साहन दिन सम्वन्धि विभागको स्वीकृति लिई खुद मुनाफाको ५ प्रतिशतमा नवढाई पुरस्कार दिन सक्ने छ ।

झ) संचालक समितिको निर्णय र सम्वन्धित विभागको स्वीकृति वमोजिम वाहेक कुनै संचालकले कम्पनी मार्फत आफूलाई व्यक्तिगत फाईदा हुने कार्य गर्नु हुँदैन ।

ञ) आफ्नो कार्यकाल समाप्त हुन भन्दा अगावै विचमा संचालकको पद रित्त भएमा सो रिक्त स्थानममा पूर्ति साविकको संचालक जुन प्रकारबाट नियुक्ति भएको छ सोही प्रकारबाट गरिने छ ।

ट) संचालकको कार्यकाल ऐनको दफा ६७ (१) को प्रतिव्धात्मक वाक्यांशको (क) वमोजिम हुने छ ।

तर नेपाल सरकार वा संगठित संस्थाले नियुक्त गरेकोमा भने नियुक्ति गर्ने एकाईले चाहे सम्म संचालनमा कायम गर्न सक्ने छ ।

## २०. संचालक समितिको वैठकः-

क) समितिको वैठक एक वर्षमा कम्तिमा ६ पटक वोलाइने छ । तर दुइ वैठकको विचको अवधि ३ महिना भन्दा वढि हुने छैन ।

ख) समितिको वैठकमा संचालकहरु स्वयम उपस्थिति हुनु पर्ने छ ।

ग) वैठकमा उपस्थित भै मतदान गर्न अधिकार प्राप्त संचालकहरुको जम्मा संख्याको कम्तीमा ५० प्रतिशत उपस्थित नभै समितिको वैठक हुने छैन ।

घ) समितिको वैठकमा वहुमतको निर्णय मान्य हुने छ । तर मत वरावर भएमा मात्र अध्यक्षले निर्णायक मत दिन सक्ने छ ।

ङ) समितिको वैठकको अध्यक्षता अध्यक्षले गर्ने छन् । तर अध्यक्ष उपस्थित नभएमा उपस्थित संचालकहरुले आफु मध्ये एक जनालाई रोजि अध्यक्षता गर्न लगाउन सक्ने छन् ।

## २१. संचालक समितिको अधिकार र कर्तव्यः-

क) ऐन र यस नियमावलीमा लेखिएका कुराहरु र नेपाल सरकारको समय समयमा गरिएको निर्णयहरुको अधिनमा रही कम्पनीको संम्पूर्ण कार्यका प्रवन्ध, अधिकारहरुको प्रयोग र कर्तव्यको पालना समितिले गर्ने छ ।

ख) कम्पनीको निमित्त कुनै सम्पत्तिको हक वा सुविधा उचित मूल्यमा खरिद गर्ने वा प्राप्ति गर्ने वा सम्वर्द्धन गर्ने वा नेपाल सरकारको पूर्व स्विकृती लिई विक्री गर्ने तथा नेपाल सरकारको पूर्व स्विकृती लिई कम्पनीको अचल सम्पत्ति विक्री वा कुनै पनि प्रकारले हक हस्तात्तरण गर्ने ।

ग) आवश्यकता अनुसारको कर्मचारीको नियुक्ति गर्ने, निलम्वन गर्ने, हटाउने, तलव, भत्ता अनुदान, पेन्सन तथा अन्य सुविधा र सेवा सम्वन्धि शर्तहरु तर्जुमा गर्ने, लागु गर्ने ।

घ) उचित ठहराए अनुसारको आफू मध्य कसैलाई आफुले पाएको सवै वा केही अधिकार सुन्पने, फिर्ता लिने ।

ङ) कम्पनीको तर्फबाट बैंकहरुमा खाता खोल्ने र संचालन गर्ने ।

च) कम्पनीको व्यवसाय चलाउन आवश्यक एवं उपयुक्त भएमा विल, प्रोमिसरी नोट, हुण्डी, चेक, डाफ्ट र अरु लिखतहरु काट्ने, स्विकार गर्ने, दरपिठ गर्ने र सो कार्यहरुको लागि आफू मध्ये कसैलाई लिखित अधिकार सुम्पने ।

छ) कम्पनीलाई तिरेको वा तिर्नु पर्ने रुपैया वा कम्पनीको दावीमा माग पुरा भए वापत भरपाई, फाराम र अरु छुटहरु दिने ।

ज) कम्पनी वा कम्पनीका पदाधिकारीहरुको विरुद वा कम्पनीको कारोवारसंग सम्वन्धि भएका मुद्दा मामिला चलाउने, मिलापत्र गर्ने, परित्याग गर्ने, प्रतिक्षा गर्ने ।

झ) कम्पनीले लिनु पर्ने वा दिनु पर्ने ऋण दावी पुरा गर्न म्याद लिने दिने, कम्पनीको तर्फवाट वा विरुद गरेको दावी वा मागहरुलाई मध्यस्थ छेउ पठाउने र त्यसवाट भएको निर्णयको पालना गर्ने ।

ञ) कम्पनीको प्रयोजनको निमित्त उचित देखिए वमोजिम कम्पनीको नाममा वा कम्पनीको तर्फवात सौदा र ठेक्का पट्टाहरु गर्ने, त्यस्ता सौदा ठेक्का पट्टाहरु रद्द गर्ने संशोधन गर्ने र अन्य सवै कार्य गर्ने ।

ट) कम्पनीको आर्थिक कारोवार सम्वन्धि बजेट, आम्दानी खर्च तथा योजना आदि का तर्जुमा गरी परित गर्ने, कार्यान्वयन गर्ने तथा गराउने सम्पूर्ण अधिकार संचालक समितिमा निहित हुने छ ।

ठ) कम्पनीको हित र स्वार्थको लागि अन्य आवश्यक काम गर्ने र गराउने अधिकार संचालक समितिमा निहित रहने छ ।

ड) कम्पनीले आर्थिक तथा प्रशाकिय व्यवस्था वारे कम्पनीको आन्तरीक नियम तथा विनियम वनाई सोको कार्यान्वयन गर्न सक्ने छ ।

## २२. <u>निर्णय पुस्तिकाः</u>-

समितिले कम्पनीको साधारण सभा र समितिको वैठकको निर्णयहरु छुटा छुटै निर्णय पुस्तिकामा लेखि राख्ने छ । साधारण सभाको निर्णयमा सो सभाको सभापतित्व गर्ने व्यक्ति र

सो सभाद्वारा नियुक्त गरिएका कम्तिमा एक जना संचालक र एक जना शेयरवालाको दस्तखत गराइने छ । संचालक समितिको निर्णय पुस्तिकामा भने सवै संचालकहरुको हस्ताक्षर सहित निर्णय अभिलेख गरिने छ ।

**२३. कम्पनीको छापः-**

कम्पनीले आफ्नो छाप स्पष्टसंग बुझीने गरि वनाउने छ र तोकिएको व्यक्तिको जिम्मामा सुरक्षितसंग राख्ने छ । कम्पनीको छाप लगाउनु पर्ने प्रत्येक लिखतमा समितिद्वारा अधिकार प्राप्त संचालक वा अधिकृत कर्मचारीको दस्तखत रहनेछ ।

**२४. लाभाशंः**

क) कम्पनीले साधारण सभामा लाभाशं घोषित गर्ने छ । तर समितिले सिफारिस गरेको रकम भन्दा वढि हुने छैन ।

ख) कम्पनीले गरेको मुनाफा मध्येवाट मात्र लाभाशं दिइने छ ।

ग) चुक्ता हुन वाँकी रकम वापत कुनै लाभाशं दिइने छैन ।

घ) किस्ता तलव गरिएको रकम भन्दा वढि रकम शेयर वापत बुझाउने शेयरवालाको हकमा किस्ता तलव गरिएको रकम सम्मको मात्र हिसाव गरि लाभाशं दिइने छ । वढि रकम बुझाएको आधारमा लाभाशं दिइने छैन ।

ङ) कुनै लाभाशं माथि कम्पनीको दावी भए समितिले त्यस्तो लाभाशं रोकी राख्न सक्ने छ जुन कर्जा, दायित्व वा जिम्मेवार वापत दावी कायम रहेको छ त्यसको परिपूर्तिको लागि त्यस्तो लाभाशं उपयोग गर्न सक्ने छ ।

च) कुनै शेयर हस्तान्तरण गरिदा दिने लिने व्यक्तिले गरेको शर्त संझौता अनुसार सो शेयरको लाभाशं दिइने छ ।

छ) साझेदारीमा लिएको शेयरको साझेदारहरु मध्ये कुनै एकले दिएको रसिद वैध हुने छ ।

ज) शेयरवालाहरुलाई दिइने लाभाशं निजहरुको दर्ता गरिएको ठेगानामा चेक, हुण्डी धनादेश वा हुलाकद्वारा पठाइने छ र साझेदारीहरुको हकमा भने ती मध्ये दर्ता किताबमा पहिलो नाम भएको व्यक्तिलाई पठाइने छ ।

झ) कुनै लाभाशं घोषित गरिएको एक वर्ष सम्ममा पनि कसैले दावी गर्न नआएमा त्यस्तो लाभाशंलाई कम्पनीको हितमा उपयोग गर्न सकिने छ र त्यस्तो लाभाशं माथि १० वर्ष सम्म पनि कसैले दावी गर्न नआएमा जफत गरिने छ ।

२५. **कम्पनीको हिसाव किताव र श्रेस्ताः-**

क) कम्पनीको हिसाव किताव र श्रेस्ता ऐनको अधिनमा रही तोकिएको ढाँचा अनुसार राखिने छ ।

ख) कम्पनीको सम्पूर्ण कारोवारको मूल खाता मुख्य कार्यालयमा राखिने छ ।

ग) कार्यालय समयमा संचालहरुले कम्पनीको हिसाव कितावको निरिक्षण गर्न सक्ने छन् ।

घ) शेयरवालालाई कम्पनीको हिसाव किताव र श्रेस्ता समितिले समय समयमा निर्णय गरे अनुसार निरिक्षण गर्न दिइने छ । ऐनले हेर्न पाउने विषय वाहेक कम्पनीको कुनै पनि खाता वा श्रेस्ताहरु शेयरवालाहरुलाई हेर्न वा जाँच्न दिइने छैन । कम्पनीको हित र स्वर्थको लागि गोप्य राख्न पर्ने कुनै कुराहरु रहेछन् त्यस्ता कुराहरु शेयरवालालाई देखाउन कम्पनी वाध्य हुने छैन ।

ङ) कम्पनीको आर्थिक वर्ष हरेक साल श्रावण १ गते देखि अषाढ मसान्तसम्मलाई मानिनेछ ।

च) कम्पनीले आफ्नो हिसाव कितावको श्रेस्ता नेपालीमा रितपूर्वक खडा गरि राखिने छ । कम्पनीले आफ्नो सुविधाको लागि नेपालीका साथै अंग्रेजी लिपीमा पनि राख्न सक्ने छ । सो वमोजिम दुइ किसिमको श्रेस्ता राखिएकोमा नेपाली लिपीमा राखिएको श्रेष्तालाई नै प्रमाणित मानिनेछ ।

छ) कम्पनीको नाफा नोक्सान हिसाव । लेखापरिक्षणको प्रतिवेदन वासलातसंग ऐन वमोजिम नन्धी गरिने छ ।

२६. **लेखापरिक्षणः-**

क) कम्पनीको हिसाव किताव तथा श्रेष्ता परिक्षण गरि प्रतिवेदन पेश गर्न महालेखा परिक्षकको विभागले लेखा परिक्षकको नियुक्ती गर्ने छ ।

ख) लेखा परिक्षकको पारिश्रमिक महालेखा परीक्षकको विभागले तोके वमोजिम हुनेछ ।

ग) लेखापरिक्षक नियुक्त भएको स्थान कुनै कारणले रिक्त भएमा सो रिक्त स्थानको पूर्ति महालेखा परीक्षकको विभागले गर्ने छ ।

घ) प्रस्तुत कम्पनी नेपाल सरकारको पूर्ण स्वामित्वमा रहे सम्म माथि उप दफा (क) र (ग) वमोजिम नियुक्त लेखापरिक्षकले प्रस्तुत गरेको वासलातलाई कम्पनीको साधारण सभामा पारितको लागि पेश गर्न नपर्ने गरिएको छ ।

२७. <u>सूचनाः-</u>

क) कम्पनीदारा कुनै शेयरवालालाई सूचना पठाउनु परेमा मानिसद्वारा वा दर्ता किताबमा रहेको निजको ठेगानमा हुलाकद्वारा पठाइने छ ।

ख) कुनै शेयरवालाको ठेगाना दर्ता किताबमा छैन र निजले आफुलाई सूचना पठाउनको लागि कुनै ठेगाना पनि दिएको छैन भने प्रमुख पत्रपत्रिकामा सूचना प्रकाशित गरिने छ र जुन दिन सूचना प्रकाशित हुन्छ सोही दिन निजलाई कम्पनीवाट सूचना रित पूर्वक पठाएको मानिने छ ।

ग) साझेदारीमा शेयर लिएको शेयरवालालाई कम्पनीवाट पठाइने सूचना दर्ता किताबमा जसको नाम पहिले लेखिएको छ उसैलाई पठाउने छ ।

घ) हुलाकदारा सूचना पठाउदा शेयरवालाको नाम र ठेगाना राम्रो संग लेखि रजिष्टर्ड गरि पठाए पछि जिनलाई सूचना पठाएको मानिने छ । अन्यथा प्रमाणित भएमा वाहेक हुलाकवाट सामान्यतया डेलिभरी गरिने समयमा पुगेको मानिने छ ।

२८. <u>दायित्वको पूर्तिः-</u>

कम्पनीको संचालक तथा कर्मचारीहरुले आफ्नो कर्तव्य पालनको सिलसिलामा र कम्पनीको कारोवार संचालनको सिलसिलामा गरेको भ्रमण सम्वन्धी खर्च, अन्य खर्च नोक्सानी र दायित्वहरु जानी जानी वा वेइमान वा लापरवाही साथ गरेको छैन भने कम्पनीको कोषवाट पूर्ति गरिने छ ।

२९. <u>खारेजीः-</u>

कम्पनी खारेज वा विघटन गर्दा लिक्विडेसनको प्रकृया अपनाई कम्पनीको हर हिसाव सवै जाँची कम्पनीको जायज्यथा वाट ऐन अनुसार खारेजीको लागि लागेको खर्च, ऋण, दायित्वहरु आदि तिरो वाँकी भएको रकम शेयरवालाहरुलाई शेयरको दामासाहीले वाँडिने छ ।

३०. <u>बचाउः-</u>

कम्पनी ऐन, २०२१ को सर्वमान्य सिद्धान्तमा प्रतिकुल असर नपर्ने गरी यस नियमावलीको कार्यान्वयन गरिने छ । ऐनमा किटानी व्यवस्था भएका कुराहरु संग यस नियमावली वाभ्फीन गएमा वाभ्फिए जति कुरा स्वतः निष्कृय हुने छ ।

तपसिलमा नाम र ठेगाना लेखिएका हामीहरुले यस नियमावली अनुसार र कम्पनी गठन गर्न इच्छुक भई हाम्रा आ-आफ्ना नाम अगाडी लेखिए वमोजिमको शेयरहरु लिन मंजुर गरेका छौं ।

| सि.नं. | शेयर लिनेको नाम र ठेगाना | प्रत्येकको सही | प्रत्येकले लिएको शेयर संख्या | साक्षीको नाम र ठेगाना र सही |
|---|---|---|---|---|
| | | | | |

१) प्रथम संचालकहरुको नामः

२. ठेगानाः

३) अधिकृत पूंजीः

४) उद्योगको मुख्य उद्देश्यः

१. गणतन्त्र सुदृढीकरण तथा केहि नेपाल कानूनलाई संसोधन गर्न बनेको ऐन २०६६ बमोजिम श्री ५ को सरकार भन्ने वाक्यांशलाई नेपाल सरकार भनी संसोधन गरिएको ।
२. रेखांकन गरीएको प्रबन्धपत्रको दफा ४ को (ए) र नियमावलीको नियम २१ को (ख) तत्कालिन उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको मिति ०५७/८/२९ च.नं २३१२ को पत्रले संशोधित ।